नजर हमर

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

**जग्गा बिक्रीमा**

जनकपुरधाम, मुजेलिया स्थित भाटभटेनीको सामुन्ने जनकपुर–ढल्केवर सडक (६ लेन) बाटोको पूर्वपट्टी रहेको जम्मा १ कट्ठा आकर्षक जग्गा बिक्रीमा रहेको सहर्ष जानकारी गराइन्छ । ईच्छुक महानुभावले तलको नम्बरमा सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.-9817880359

वर्ष २ • अंक १८३ • २०८१ साल जेठ १० गते बिहिबार • Thursday 23, May 2024 • सूर्योदयः बिहान ५:१४ बजे • सूर्यास्तः साँझ ६:५० बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

## तीन दिन म्याद थप



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई जिल्ला अदालत धनुषाले अनुसन्धानको लागि प्रहरीलाई तिन दिन थुनामा राख्न अनुमति दिएको छ । प्रहरी जिल्ला सरकारी वकिल कार्यालयमार्फत सिरोहियालाई पाँच दिन हिरासतमा राख्न माग गरेको थियो । तर जिल्ला न्यायाधीश चुडामन खड्काको इजलासले प्रहरीलाई तीन दिन हिरासतमा राख्न अनुमति दिएको श्रेस्तेदार कैलाश भट्टराईले जानकारी दिए । 'अदालतले पक्राउ गरिएको दिनदेखि लागु हुने गरी अनुसन्धानका लागि तीन दिन हिरासतमा राख्न प्रहरीलाई अनुमति दिएको छ' स्रेस्तेदार भट्टराईले भने, 'हिजो (मंगलबार) पक्राउ गरिएकाले भोलि (बिहीबार)सम्म हिरासतमा राख्न पाइनेछ ।

जिल्ला अदालत धनुषाले सिरोहियाको नाममा मंगलबार पक्राउ पुर्जी जारी गरेपछि काठमाडौ अपराध अनुसन्धान शाखाको टोलीले उनलाई कान्तिपुर मिडिया हाउसको कार्यालयबाट पक्राउ गरि बुधबार बिहान करिब ५ बजे जनकपुर ल्याएको थियो । कडा सुरक्षाको बिचमा सिरोहियालाई अदालतमा उपस्थित गराइएको थियो ।

सिरोहियाले कीर्ते गरेर नागरिकता लिएको भन्दै जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दर्ता भएको छ ।

उनले विभिन्न स्थानमा प्रयोग गरेको नागरिकता नम्बर फरकफरक रहेको र उनको नागरिकतामा उल्लेख नम्बरमा जिल्ला प्रशासन कार्यालय धनुषाबाट अर्कै व्यक्तिको नाममा समेत नागरिकता जारी भएको दाबी जाहेरीमा छ । जाहेरीमा सिरोहिया गैरनेपाली नागरिक रहेको र उनले नक्कली नागरिकताको प्रयोग गरिरहेको दाबी गरिएको छ । जाहेरीसँगै संलग्न कागजपत्रहरूमा सिरोहियाको २०१९ जन्ममिति राखेर २०३३/०३४ मा धनुषाबाट जारी भएको नागरिकताको नम्बर र २०३६ भदौ २० मा जनकपुर उपमहानगरपालिका २ ठेगानाबाट शिवजी साहु तेलीको नाममा जारी भएको नागरिकता नम्बर एउटै छ । सिरोहियाविरुद्ध सर्लाहीका इन्द्रजीतप्रसाद महतोले नागरिकता छानबिनको माग गर्दै जाहेरी दिएका थिए ।

## जनशक्ति अभावले कलैया अस्पतालमा बिरामीलाई सास्ती

### समस्या समाधानमा तीनै तहले ध्यान दिएनः चौगाई

*'प्रादेशिक अस्पताललाई सय बेडको बनाउने प्रदेश सरकारले घोषणा गरेको तर, कार्यान्वयन गर्दैन्, आइसीयूमा बिरामीको चाँप अनुसार २० वटा बेड आवश्यक छ । ओपीडीमा बिरामीको चाँप यति छ कि उभिने ठाउँ छैन । म बस्ने कोठामा ओपिडी सेवा सञ्चालन भइरहेको छ । चाहेर पनि धेरै काम गर्न सक्ने अवस्था छैन् ।'*

**अफरोज अर्पण**
**कलैया ।**
प्रादेशिक अस्पताल कलैयामा आवश्यक जनशक्ति अभावमा सेवा प्रभावित भइरहेको छ । गर्मीको समयमा अहिले बिरामीको चाँप दिनदिनै बढ्दै गएको छ । उनीहरुलाई सेवा दिन आवश्यक जनशक्ति र आधुनिक मेसिनको अभावमा बिरामीहरुले दुःख पाउने गरेको गुनासो बढेको छ । प्रयाप्त औषधि र आधुनिक प्रविधि नहुँदा बिरामीहरु अन्यत्रबाट सेवा लिन बाध्य भइरहेका छन् । अहिले अस्पतालमा दैनिक पाँच सय हाराहारीमा बिरामीहरु ओपीडी (बहिरंग) सेवा लिन पुगिरहेका छन् भने ईमरजेन्सिमा करिब ७० जनासम्म बिरामीहरु आउने गरेको कलैया अस्पताल सञ्चालक समितिका अध्यक्ष प्रकाश चौगाई बताउँछन् । ५० शय्याको अस्पतालमा अहिले ७७ शय्या सञ्चालन गरिएको छ । बिरामीको चाँपलाई थेग्न नसकेर अन्यत्र पढाउनु परेको अध्यक्ष चौगाईको भनाई छ ।




यता, दैनिक अस्पताल पुगिररहेका बिरामी र कुरुवाहरुले भएको जनशक्तिले पनि राम्रो र जिम्मेवारीपूर्वक सेवा नदिएको गुनासो गर्छन् । सरकारले ९५ वटा औषधि निःशुल्क वितरण गर्न भनेपनि अस्पतालबाट १५ देखि २० वटा मात्र औषधि वितरण भइरहेको छ । त्यो पनि कहिले पाउने कहिले नपाउने बिरामीहरुको गुनासो छ । रातिको समयमा त झन् डाक्टर तथा अस्पतालको कर्मचारीहरु लापरवाही गर्छन् । कलैया उपमहानगरपालिकाकी एक जना बिरामीकी कुरुवा भन्छन्, 'मेरो आमालाई ट्रेक्टरले ठोकेको थियो, हतार हतार अस्पतालमा ल्यायौँ, डाक्टरले हेर्दै नहेरी यहाँ उपचार हुनसक्दैन्, वीरगंज लग्नुस् भने, यहाँ यो छैन त्यो छैन भनेर पठाउन खोजेका थिए ।' उनले भने,'पछि मैले मोबाइलमा भिडिओ बनाएको देखेर बिरामी लिएर आउँनुस् भने ।'

उनले आक्रोशित हुँदै भने, 'यहाँको अवस्था दयनीय छ, सामान्य ज्वारो, खोकी लागेको उपचारमात्र गर्न मान्छन्, अलि बढी समस्या भएको बिरामी लिएर आयो भने अस्पतालका कर्मचारीहरु अफ्ठयारो मान्छन्, वीरगंज लिएर जाउँ, वीरगंज लिएर जाउँ भन्छन, पैसा भएको भए प्राइभेट मै लिएर जान्थ्यौँ, हामी गरिब मान्छे कहाँ जानु, सरकारी अस्पतालको अवस्था यस्तो छ ।'

अनुगमन गर्ने निकायको पनि लापरवाहिले दिनहुँ यस्तो घटना दोहोरिँदा पनि चुप लागेर बस्नु डाक्टर र प्रशासन प्रति विश्वास गुम्दै गएको उनले बताए । तर अस्पताल सञ्चालन समितिका अध्यक्ष चौगाई यो सबै जनशक्ति अभावमा कहिले काहीँ हुने गरेको बताउँछन् । अस्पतालमा १० जना स्थायी डाक्टरको आवश्यकता छ तर, करारको गरेर यहाँ जम्मा ८ जना डाक्टर कार्यरत रहेको अध्यक्ष चौगाई बताउँछन् । अस्पतालमा डाक्टरको संख्या कम हुँदा 'डिउटी' मिलाउन सकस हुने गरेको उनको भनाई छ । उनी भन्छन्, 'अस्पतालले २४ औँ घण्टा सेवा दिइरहेको छ, इमरजेन्सीको बेड, आइसीयू ७ बेड, रेगुलर डाइलेसिस गर्न चारै तिर ध्यान दिनुपर्छ, जनशक्ति छैन, कताँ कताँ गर्न सकिन्छ,

*बाँकी पृष्ठ ३ मा*

## सिरोहियाको पक्षमा प्रदर्शन




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
कान्तिपुर मिडिया गुरपका अध्यक्ष कैलाश सिरोहिया पक्राउ परेको विरोधमा जनकपुरमा व्यापारी युवाहरुले विरोध प्रदर्शन गरेका छन् । सिरोहियालाई जिल्ला अदालत धनुषामा उपस्थित गराउने भएपछि नेपाली काग्रेस निकट तरुण दल र नेपाल विद्यार्थी संघले विरोध प्रदर्शन गरेका थिए ।

प्रदर्शनका क्रममा उनीहरुले 'सहकारी ठग गृहमन्त्री मुर्दावाद' 'प्रेस स्वतन्त्रता कायम गर' जस्ता नारा लगाएका थिए ।

त्यस्तै, सिरोहियाको पक्राउ परेपछि जनकपुर उद्योग वाणिज्य संघमा जनकपुरका व्यापारीहरुको भेलाले विरोध प्रदर्शन गर्ने निर्णय गरेपछि व्यापारीहरुले समेत प्रहरी कार्यालय जाने बाटोमा रहेको वडा नम्बर ४को कार्यालय नजिक विरोध प्रदर्शन गरेका थिए ।

प्रदर्शनकारीले 'राज्य आतंक बन्द गर, सञ्चार उद्यमी कैलाश शिरोहियालाई रिहा गर' नारासहित प्रदर्शन गरेका थिए । त्यस्तै, व्यवसायीको बैठकले नै सिरोहियाको पक्राउको विरोध गर्ने निर्णय गरेको हो । पूर्वाग्रही भएर सिरोहियाविरुद्ध कामकारबाही भइरहेको जनाउँदै जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले पक्राउलाई अनुचित भनेका छन् । सोधपुछका लागि बोलाउनुको सट्टा पक्राउ गरिएको उनको भनाइ थियो ।

राज्यले पूर्वाग्रही कदम नरोकेमा सशक्त आन्दोलन गर्ने महासेठको चेतावनी दिए ।

उनले व्यापारीहरुको मनोवल गिराउने कार्य सरकारले गरिरहेको आरोप लगाउदै राज्य आतंक नरोकिए भोलीको दिनमा सशक्त आन्दोलनमा जाने चेतावनी दिए ।

सिरोहिया समर्थनमा आएको नागरिक समाजले सरकारविरुद्ध नाराबाजी गर्दै अदालत अगाडि जान खोज्दा प्रहरीले रोक्ने क्रममा घम्साघम्सी समेत भएको थियो ।

व्यापारी र युवाहरुले विरोध प्रदर्शन गर्न थालेपछि बुधबार जिल्ला अदालत धनुषा र अदालत जाने विभिन्न बाटोहरुमा सुरक्षा व्यवस्था कडा पारिएको थियो । साथै अदालतमा सेवाग्राहीहरुलाई समेत प्रवेशमा कडाई गरिएको थियो ।

## 'हामी प्रतिशोधको विरोधमा छौँ'



**जितेन्द्र महासेठ, अध्यक्ष**
जनकपुरधाम उद्योग वाणिज्य संघ

कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई पूर्वाग्रही ढंगले पक्राउ गरेको छ । सरकारको यही प्रतिशोध र पूर्वाग्रही कमदको हामीले आज (बुधबार) विरोध गरेका हौँ, शान्तिपूर्ण धर्ना दिएका हौँ । विरोध कार्यक्रममा जनकपुर उद्योग वाणिज्य संघ, नागरिक समाज, मारवाडी समाजलगायत विभिन्न संघसंस्थाहरुले ऐक्यवद्धता जनाएका छन् । हामीले विना सर्त रिहाइ गरी अनुसन्धान गर्न माग गरेका छौँ । यदि हाम्रो माग सम्बोधन नभए आन्दोलनका थप कार्यक्रमहरु सार्वजनिक गर्ने छौँ । विगतदेखि यो सरकारले उद्योगी व्यवसायीहरुलाई दुख दिने काम गर्दै आइरहेको छ । केही समय अघि मात्रै व्यवसायी मीन बहादुर गुरुङलाई पनि सरकारले यस्तै हर्कत गरेको थियो । अहिले पनि व्यवसायी कैलाश सिरोहियामाथि सरकारले प्रतिशोध साधेको छ । कैलाश सिरोहियाका बुबा आजभन्दा करिब ७० वर्ष अघि २००९ सालमा जनकपुर उद्योग वाणिज्य संघका संस्थापक महासचिव हुनुहुन्थ्यो । त्यो बेलादेखि नै उहाँको परिवार व्यवसाय गर्दै आएका थिए । तर, आज सरकारले पूर्वाग्रह ढंगबाट सरकारले एउटा सामान्य प्राविधिक कुरालाई लिएर जसरी पक्राउ गरियो, यो कदम भनेको व्यवसायीलाई त्रसाउन खोजेको हो । नागरिकतामा कुनै गल्ती भए त्यसलाई सच्याउन मिल्ने सामान्य प्रक्रिया हो । नागरिकतामा गल्ती हुनुमा पनि उहाँको कुनै दोष छैन । त्यो त प्रशासनको कुरा हो । तर, यही विषयलाई लिएर सरकारले जुन व्यवहार देखाएको छ, त्यसको हामी विरोध गर्छौँ । कैलाश सिरोहियालाई बाहिरै राखेर पनि अनुसन्धान अघि बढाउन सकिन्छ । त्यसतर्फ विचार गरिनुपर्छ, होइन भने यो प्रतिशोध पूर्ण घटनाको जनकपुरधाम उद्योग वाणिज्य संघ, नागरिक समाज र विभिन्न संघसंस्था मिलेर थप आन्दोलनका कार्यक्रम सार्वजनिक गर्नेछौँ । (कुराकानीमा आधारित)

## 'राम्रो मिडिया चलाए बापतको दण्ड हो कि ?'



**मधेशदृष्टि**
**राजविराज ।**
नेकपा एकीकृत समाजवादी अध्यक्ष माधव कुमार नेपालले कान्तिपुर पब्लिकेसन्सका अध्यक्ष कैलाश सिरोहियाको गिरफ्तारीबारे सुनेर आफू अचम्मित र दुःखी भएको बताएका छन् ।

सप्तरीको मलेठमा कार्यकर्ता तथा पार्टी प्रवेश कार्यक्रममा सहभागी हुन सप्तरी आउँदा अध्यक्ष नेपालले बुधबार राजविराजमा पत्रकारसँग कुराकानी गर्दै यस्तो बताएका हुन् ।

पूर्व प्रधानमन्त्री नेपालले भने, 'स्वच्छ मिडिया, राम्रो मिडिया चलाए बापतको दण्ड हो कि ? कुनै बदलाको भावनाले यो भएको हो कि ? बुझ्न सकेको छैन ।

उनले सिरोहिया जनकपुरका बासिन्दा भएको सबैलाई थाहा भएको उल्लेख गर्दै उनका पुर्खा पनि त्यहीँ बस्दै आएको सुनाए । 'सिरोहियालाई नेपालको नागरिक हो कि होइन भन्ने कुरामा नै गिरफ्तार गर्नु अत्यन्तै निन्दनीय छ' नेपालले भने, 'एउटै नम्बरको दुई नागरिकता छ भने पाउनेलाई केही हुँदैन । यो प्रशासनतिर सोझिन्छ ।' गम्भीर अपराधमा संलग्न व्यक्तिलाई समात्नु स्वाभाविक भए पनि सिरोहियाको हकमा त्यस्तो नभएको नेपालको भनाइ थियो । 'सोधपुछ गरेर सत्यतथ्य पत्ता लगाउन सकिन्छ । तर यो गिरफ्तारी विचित्रको भयो' नेपालले भने ।

*ऋण, शत्रु र रोग समाप्त गर्नुपर्छ ।*

*– चाणक्य नीति*

## सम्पादकीय

# दहेजको त्रास

*समाजका विद्यमान सामाजिक विकृति मध्येको एक दहेज (दाइजो) विशेषतः गरिब घरपरिवारका लागि अभिषाप बन्दै आएको छ । पछिल्लो दुई दिनको अन्तरालमा दाइजोको निहुँमा हत्या गरिएको भन्ने दुई वटा गम्भीर समाचार सार्वजनिक भएका छन् । गत आइतबारको मधेशदृष्टि दैनिकमा 'दाइजो नथपिँदा दुई बुहारीको झुन्ड्याएर हत्या !' र मंगलबार 'मनिषा मृत्यु प्रकरणमा प्रहरीले जाहेरी लिएन' शिर्षकमा समाचार प्रकाशन भएका छन् । यि दुई घटना एउटा सर्लाही र अर्को पर्सा जिल्लामा भएका हुन् । सर्लाहीको बरहथवाकी आरती कुमारी महतोको हत्या भएको भन्दै माइती पक्ष महिनौदेखि न्यायको खोजीमा छ । एक वर्षअघि मात्रै विहे भएको छोरीलाई गत चैत २४ गते घरको कोठामा झुण्डिएको अवस्था फेला पारेका परिवारले मृत्युको कारण दाइजो नै भएको ठहर गरी न्यायको याचना गरिरहेका छन् । यता, पर्सा जिल्लामा गत शनिबार आफ्नै कोठामा झुन्डिएको अवस्थामा मृत भेटिएकी मनिषा देवीको घटना पनि दाइजोसँगै नै जोडिएको छ । पीडित परिवारका सदस्यहरु न्यायको लागि प्रहरी प्रशासनदेखि अदालतसम्म गुहार गरिरहेका छन् । विवाह भएको समयदेखि नै केटा पक्षले दाइजोमा सुनको सिक्री, ब्रासलेट, मोटरसाइकल, फ्रिज र वासिङ मेसिन नपाएको भन्दै मनिषालाई यातना दिने गरेको पीडित पक्षले बताइरहेका छन् । तर, यति गम्भीर विषयमा पनि प्रहरी प्रशासनले गम्भीरताका साथ चासो देखाइरहेको छैन । पीडित पक्ष प्रहरी प्रशासनबाट पनि न्याय नमिलेकोमा चिन्तित छन् । यी केही प्रतिनिधि घटनाहरु भए पनि यसबाट विशेषगरी मधेश प्रदेशमा दाइजोको अवस्था कस्तो छ भन्ने प्रष्ट चित्र देखाउँटछ ।*

*दाइजोको समस्या देशका अन्य जिल्लामा पाइन्छ । तर, मधेश प्रदेशका आठ वटै जिल्लामा अन्य प्रदेशको भन्दा बढी देखिन्छ । विशेषगरी, गरिबी र अशिक्षा जस्ता कुराहरुले दाइजोको समस्या मधेशमा बढी देखिएको भनिन्छ । तर, गरिबी, अशिक्षा र चेतनाको कारण मात्रै नभई एउटा परम्पराकै रुपमा रहेकाले दाइजोलाई शिक्षित वर्गले पनि स्वीकार गरिरहेका छन् । पछिल्लो समय शिक्षित समाजमा दाइजो प्रथाका स्वरुप परिवर्तन भएका छन्, तर कमि आउन सकेको कदापि छैन । दाइजोको नाममा मोटरसाइकल, घरमा प्रयोग हुने विलासी सामग्री, जग्गा वा नगद माग गर्ने क्रम विवाह अघिदेखि विवाह पछिसम्म पनि रोकिएको छैन । दाइजोको निहुँमा बुहारी हत्याका घटनाहरु कमि आउन नसक्दा झनै चिन्ता थपिएको छ । समाजमा अझै पनि दाइजोको त्रास पालेर बसेका थुप्रै परिवारहरु छन् । छोरीलाई जन्म दिनुलाई उनीहरुले डरका रुपमा लिने गरेका छन् । यस प्रकारको मनोविज्ञानले समाजलाई कुन बाटोतर्फ डोर्याइरहेको छ ? यस्ता विषयमा गम्भीर विचार मन्थन गर्नुपर्ने बेला भएको छ ।*

*राज्यले कानुन बनाएर दाइजो लिने कुरालाई दण्डनीय भनेको छ । नेपालको कानुनमा विवाहमा कुनै पनि किसिमको लेनदेन गर्न नहुने प्रावधान मुलुकी अपराध संहिता २०७४ मा राखिएको छ । 'आफ्नो परम्परादेखि चलिआएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहनाबाहेक विवाह गर्ने दुलाहा वा दुलहीका तर्फबाट कुनै किसिमको चल, अचल, दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन सर्त राखी विवाह गर्न वा गराउन' नहुने व्यवस्था कानुनमा उल्लेख छ । कसैले त्यसो गरेको पाइएमा सम्बन्धित व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने कानुनी व्यवस्था गरेको छ । तर, कानुन कार्यान्वयन गर्ने निकायले पनि यस्ता घटनालाई गम्भीर रुपमा लिएको देखिदैन । जसले गर्दा पीडित परिवारले न्यायको लागि वर्षौंसम्म भौतारिनु परेको छ । त्यसैले पनि आगामी दिनहरुमा दाइजोको निहुँमा दुलही वा उसका नातेदारलाई कुनै किसिमले अमानवीय वा अपमानजन्य व्यवहार गर्न गर्ने कुरामा राज्यका संयन्त्रले गम्भीर रुपमा अनुसन्धान अघि बढाउन आवश्यक छ ।*

## ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## ✍ कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौं ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

## भेटिभर खेतीको प्रवर्द्धनः

# दिगो विकासको सम्वर्द्धन



– श्याम गोयन्का

नेपाल आर्थिक समृद्धिका मार्गमा अघि बढिरहँदा विकास निर्माणमा सधैँ आर्थिक तथा पर्यावरणीय समस्या झेल्दै आएको छ। बाढी, पहिरो, डढेलो, भूक्षयलगायत प्राकृतिक प्रकोप र त्यसबाट हुने मानवीय तथा प्राकृतिक क्षति प्रत्येक वर्ष नेपाल तथा नेपालीले झेल्दै र भोग्दै आएका समस्या हुन्।

देशमा उपलब्ध स्रोतसाधनको उपयोगको अभाव तथा अत्यधिक आयात तथा निर्वाहमुखी अर्थतन्त्रले गर्दा नेपालमा समुचित विकास हुन सकेको छैन। साथै, आधुनिक ज्ञान र प्रविधिका अभावमा सामान्य विकास निर्माणका लागि पनि ठूलो खर्च र समस्या झेल्दै आउनुपरेको छ। आधुनिक प्रविधि मात्र होइन, सामान्य पर्यावरणीय ज्ञानका अभावमा पनि राष्ट्रले ठूलो क्षति बेहोर्नु परेको छ। छिमेकी राष्ट्र भारत तथा चीनले अग्रगामी विकासमा छलाङ मार्दै गर्दा नेपालले भने भएका स्रोतसाधनको पनि उपयोग गर्न सकेको छैन। यस्ता समस्याको जैविक समाधानतर्फको पहिलो तथा प्रभावकारी कदमका रूपमा भेटिभर परियोजना विश्वमा परीक्षण भई बहुपयोगी साबित भएको जैविक प्रविधि हो।

**के हो त भेटिभर?**

भेटिभर क्रिसोपोगान प्रजातिको एक बहुपयोगी वनस्पति हो, जसलाई नेपाली भाषामा खसखसे भनिन्छ। वैज्ञानिक नाम क्रिसोपोगन जिजानियोइड्स रहेको यसले किसानको साथीका रूपमा नाम कमाएको छ र विश्वका धेरै देशमा कृषि सबलीकरण तथा गरिबी निवारणका क्षेत्रमा वरदान साबित भएको छ। समुद्री सतहदेखि एक हजार आठ सय मिटरका उचाइसम्म खेती गर्न सकिने यस वनस्पतिको मुख्य विशेषता जरामा छ जुन निकै बाक्लो गाँज भई जमिनमा तीन मिटरभन्दा बढी गहिरोसम्म जान्छ। यो विषम किसिमका माटामा हुर्कने तथा सप्रने घैरै कम बिरुवामध्येको एक हो।

पिएच भ्यालु अर्थात् अम्लीय तत्त्व तीनदेखि ११ रहेको माटामा पनि यस बिरुवाले सजिलैसँग हुर्केर अम्लीय तत्वलाई सन्तुलित पार्ने काम गर्छ। अति नै बहुउपयोगी बालीका रूपमा विश्वमा परीक्षणबाट प्रमाणित यसको खेतीबाट छदेखि आठ महिनाभित्रै धेरै आर्थिक लाभ लिन सकिन्छ। यसको जराबाट उत्पादन हुने तेलको दुई सय ७५ डलर प्रतिलिटरको मूल्यमा अन्तर्राष्ट्रिय बजारमा कारोबार हुने गरेको छ। यस्तो उच्च मूल्य हुँदासमेत अन्तर्राष्ट्रिय बजारमा यस तेलको धेरै माग छ। देशभर नदी तथा बाढीपहिराबाट क्षतिग्रस्त करिब १० लाख हेक्टर बगर जमिनलाई भेटिभरखेतीको विस्तारमार्फत हामी पूर्णरूपमा उपयोगमा ल्याउन सक्छौँ। उक्त जमिनका उपयोगले हाम्रो खाद्य व्यापार घाटा निर्मूल पार्न सक्ने तथ्यमा कुनै विवाद छैन।

भेटिभरको विशिष्ट गुण उपयोगिता तथा क्षमतालाई मध्यनजर गर्दै विश्व बैंकका पहलमा अमेरिकाको भर्जिनिया राज्यमा सन् १९८९ मा द भेटिभरनेटवर्क नामक गैरनाफामूलक संस्था स्थापना भएको छ। यस संस्थाले पछिल्लो समय भूमि स्थिरीकरण, प्रदूषित स्रोतहरूको फाइटा–उपचार, बायो–इन्जिनियरिङ, पूर्वाधार संरक्षण र स्थिरीकरण तथा प्रकोपको जोखिम न्यूनीकरणका क्षेत्रमा काम गर्दैआएको छ।

यस वनस्पतिमा बन्जर, सुख्खा तथा रासायनिक रूपमा क्षतिग्रस्त भूमि पुनःस्थापना गर्ने क्षमता छ। नेपालका सन्दर्भमा चुरे संरक्षण, नदी कटान तथा तटको संरक्षण, पहिरो र भूक्षय रोकथामलगायत कार्यमा यसको प्रभावकारी उपयोग गर्न सकिन्छ। हाइटीको अर्थतन्त्रको करिब ७४ प्रतिशत हिस्सा यसको खेतीमार्फत उत्पादन हुने भेटिभर तेलले ओगटेको छ। यसलाई औषधि तथा सुगन्धित तेलका रूपमा पनि प्रयोग गर्न सकिन्छ। यस वनस्पतिले कार्बन सङ्कलन गरी वातावरण प्रदूषित हुनबाट पनि रोक्छ एवं दिगो कृषि तथा बायो–इन्जिनियरिङको साधनका रूपमा पनि प्रयोग गर्न सकिन्छ।

विप्रेषणमा आधारित अर्थतन्त्रलाई कृषितर्फ ल्याउन तथा देशमै रोजगारी सिर्जना गर्ने सन्दर्भमा भेटिभरउपयोगी र प्रभावकारी मार्ग हो। सधैँ परिवर्तन र क्रान्तिको कुरा हुने देश नेपालमा कृषि क्रान्तिको आधार भेटिभरहुन सक्छ। न त बाँदरले दुःख दिने, न रोग प्रकोप–किरा लाग्ने, न नदीले बगाउने, न डढेलाले मास्ने, न त मलखाद र सिंचाइको आवश्यता पर्ने। रोपेपछि एकै पटक प्रयोग तथा बिक्रीका लागि तयार हुने, नेपालको भूगोल, अवस्था र व्यवस्थानुकूलको उपयुक्त खेती भेटिभर हो।

**भेटिभरका फाइदा**

**गरिबी उन्मूलनः** गरिबी निवारणको प्रभावकारी समाधान भनेको रोजगारीको अवसरको सिर्जना हो। भेटिभरमार्फत प्रशस्त रोजगारीको सिर्जना गर्दै किसानका आयआर्जनमा वृद्धि गरी नेपालको सबैभन्दा ठूलो समस्याका रूपमा रहेको गरिबी उन्मूलनका मार्गमा अगाडि बढ्न सकिन्छ। यसका जराबाट २७५ अमेरिकी डलर प्रतिलिटर अर्थात लगभग रु ३६ हजारमा बिक्री हुने बहुमूल्य भेटिभर तेल उत्पादन हुन्छ। यसको १० टन तेलको एक ट्रक वा कन्टेनर तेल निर्यातमा २७.५ लाख अमेरिकी डलर नेपाल सरकारलाई राजश्व प्राप्त हुन्छ। हालको बजार मूल्यसँग तुलना गर्दा नौ महिनामा किसानले अन्य कृषि कार्यभन्दा भेटिभरबाट बढी आम्दानी गर्न सक्छन्।

गरिबी उन्मूलनको मुख्य पाटो खाद्य सुरक्षा हो। नेपालमा विभिन्न कारणले १० लाख हेक्टर जग्गा बगर तथा बाँझो रूपमा छ। ती जमिनमा भेटिभर खेती मात्र गर्न सकिएमा उक्त जमिन पुनः अन्य बालीका लागि उपयोग गर्न योग्य बनाउन सकिन्छ। साथै भेटिभरसँगै दलहनलगायत अन्य बाली पनि साथसाथै लगाउन सकिन्छ जसबाट नेपालको उत्पादनबाट नपुगेर आयात गर्दिँदै आएको लगभग ४० लाख टन खाद्य अभावका अवस्थाबाट बाहिर निक्लँदै निर्यात गर्न नेपाल सक्षम हुन सक्छ।

भेटिभरले कार्बन उत्सर्जनमा विभिन्न किसिमले कमी ल्याउने हुँदा कार्बन नेगेटिभ भई दक्षिण एसियामा भुटानपछिको दोस्रो कार्बन नेगेटिभ मुलुक हुन सक्ने मार्ग प्रस्तुत हुनेमा कुनै समस्या देखिँदैन। खेर गइरहेको १० लाख हेक्टर जग्गामा भेटिभर रोप्दा खाद्य सुरक्षा, रोजगारीको सिर्जना, ऊर्जाको उत्पादन, वातावरणको सुरक्षा र जैविक सुरक्षालगायत समग्र सामाजिक स्थिरताका पाँच वटै अवयव पूरा हुनु आफैँमा भेटिभर बिरुवाको विशेषताको सूचक हो जसको उत्पादन लागत एकदमै न्यून छ।

**कृषिमा फाइदाः** भेटिभरले नदी तथा कुलाबाट खेतबारीमा हुने कटान जोगाउँछ। यो एक यस्तो प्रकारको सहयोगी झार हो, जसका सहयोगमा बाढीको बालुवा र ढुङ्गाले पुरेर बगर बनेका खेतीयोग्य जग्गालाई पुनः पोषणयुक्त र उर्वर भूमिमा परिणत गर्न सकिन्छ। भेटिभर खेतीबाट खेतीबालीमा किरा नियन्त्रण र माटाको उर्वरतामा वृद्धि गर्न सकिन्छ। नेपालमा प्रतिव्यक्ति सिञ्चित जग्गाको स्वामित्व ०.०७ हेक्टर मात्रै छ अर्थात् ७० देखि ८० प्रतिशत साना किसानका स्वामित्वमा प्रतिपरिवार करिब १० कठ्ठाभन्दा कम जमिन मात्र छ। यो सानो क्षेत्रफलले व्यावसायिक र आधुनिक प्रणालीबाट कृषि कर्म गर्न सम्भव छैन, जसको कारण नेपालको कृषि निर्वाहमुखीतर्फ मात्रै सीमित छ।

**जैविक भूसंरक्षणः** नेपालको भौगोलिक बनावटका कारण मनसुनसँगै पहिरो जाने र पहिरोसँगै कृषि अनुकूल मलिलो माटो बगेर जाँदा अत्यधिक भूक्षयको अवस्था छ। यसलाई नियन्त्रण गर्ने एक मात्र जैविक विकल्प भेटिभर हो। यस वनस्पतिको जरा तीनदेखि पाँच मिटरसम्म जमिनमुनि बढ्ने हुँदा माटालाई बाँधेर राखी भूक्षय हुन दिँदैन। बाँझो, बन्जर, विभिन्न औद्योगिक तथा रासायनिक फोहोर व्यवस्थापनका कारणले प्रदूषित भूमि पुनःस्थापनाको प्रभावकारी जैविक विकल्प भेटिभर हो।

जैविक तटबन्धः भेटिभरले जैविक तटबन्धका रूपमा प्रभावकारी कार्य गर्छ। छिटो बढ्ने र लामो जरा सञ्जाल हुने हुँदा यसले बिरुवा रोपेको छोटो समयमा नै प्रभावकारी काम गर्छ। विश्वमा समेत यसको खेतीले पानीको स्रोत बढ्ने एवं हरियाली व्यवस्थापन तथा कम लागतमा मजबुत तटबन्धको कार्य गरेको छ। भेटिभरको तटबन्धले बाढीपहिराका कारण बगरमा परिणत हुँदै गएका खेतीयोग्य **जमिनलाई संरक्षण गरी पुनः** कृषि भूमिका रूपमा पुनःस्थापना गर्छ।

**भिरालोपनको स्थिरीकरणः** भेटिभर रोपेर कुनै पनि भिरालो जमिनलाई बाढीपहिरो तथा भूक्षयबाट जोगाइराख्न सकिन्छ। यसबाट ग्रामीण तथा कृषि सडकमा हुने पहिरो न्यूनीकरण गर्न सकिन्छ। राजमार्ग, रेलमार्ग, पुल, बाँध तथा पोखरी, विभिन्न निर्माणस्थल, नहर, नाली आदिलाई भेटिभरको प्रयोगमार्फत भूक्षयबाट बचाइराख्न सकिन्छ। हाल विकास निर्माणमा प्रयोग हुने टेवा पर्खाल बनाउन प्रतिघनमिटर रु १०–१२ हजारको लागत लाग्छ। यसका विकल्पमा भेटिभर प्रयोग गर्ने हो भने रु पाँच सय वा एक हजार प्रतिघमिका लागतमा टेवा पर्खालभन्दा बलियो र टिकाउ कार्य गर्न सकिन्छ।

**फाइटोरिमेडियसनः** खेर गएको तथा क्षतिग्रस्त जमिनमा भेटिभर रोपेर फाइटोरिमेडिएसन प्रक्रियाबाट प्रदूषित जमिन तथा पानीको उपचार गरी शुद्धीकरण गर्न सकिन्छ। यसबाट औद्योगिक फोहोर, घरेलु फोहोर, ल्यान्डफिल साइटको शुद्धीकरणका साथै पानीको स्थिरीकरण पनि गर्न सकिन्छ। काठमाडौँमा फोहर व्यवस्थापन सधैँ एक समस्याका रूपमा रहेको छ। ल्यान्डफिल साइटमा हुने प्रदूषण, त्यहाँबाट उत्पन्न हुने लिचडले स्थानीय जलस्रोतमा निकै असर गरेको छ। लिचडको जैविक उपचार भेटिभरबाटै सम्भव छ। यस वनस्पतिले हाम्रा वरपर विभिन्न औद्योगिक, रासायनिक, मानवीय क्रियाकलापका कारणले उत्पन्न हुने प्रकोपको न्यूनीकरणका क्षेत्रमा विशेष कार्य गर्छ।

बाढीपहिरो रोकथामः हुर्किएको छ महिनामा नै यसको जरा फैलिएर पानीको बहावसँगै बग्न लागेको माटो निकै कडाइका साथ एकापसमा जोडेर र समातेर राख्ने गर्छ। नेपालमा बाढीपहिराको जोखिम उच्च भएकाले यस घाँसको प्रयोगको ठूलो आवश्यकता छ। बाटामा पहिरो गएर हुने भूक्षय रोक्न यसले जैविक पर्खालको काम गर्छ, जुन हामीले प्रयोग गर्ने कंक्रिट पर्खालभन्दा निकै किफायती, बलियो र सस्तो छ।

**नदी किनार संरक्षणः** नदी तटीय क्षेत्रमा हुने बाढीको बहाव, कटान र ज्वारभाटाबाट पनि भेटिभरको बिरुवाले जोगाउनका साथै पानीको उच्च बहावलाई पूर्णरूपमा सुस्त बनाइदिन्छ। अफ्रिका, अमेरिका, एसिया महादेश, क्यारेबियन, प्रशान्त तटका विभिन्न मुलुकमा पछिल्लो १० वर्षमा गरिएको अनुसन्धानले बाढीको गति घटाउन र भूक्षय रोक्न भेटिभरको प्रयोग निकै प्रभावकारी भएको देखाएको छ। मनसुनका समयमा अत्यधिक हुने नदी कटान नियन्त्रणको यो एक प्रभावकारी साधन बन्न सक्छ। यसबाहेक नदीको धार परिवर्तनको रोकथाममा पनि यसले जैविक इन्जिनियरिङको काम गर्छ।

**बन्जर भूमि पुनःस्थापनाः** खोला बगर, नदी उकास, फोहोर व्यवस्थापन क्षेत्रलगायत प्रयोगविहीन जग्गामा भेटिभरको रोपण अपरिहार्य छ। यसको खेती गरेपछि उक्त जग्गा पुनः अन्य खेतीका लागि उर्वर भूमिमा परिणत हुन्छ। नेपालमा खेतीयोग्य ठूलो जग्गा बर्सेनि बाढीका कारणले हुने नदी कटान, पहिरो, भूस्खलन र बगरमा परिणत भएका छन्। यस्ता जग्गालाई भेटिभरका सहयोगमा पुनः कृषि भूमिमा रूपान्तरण गर्न सकिन्छ। प्रयोगविहीन बाँझो, पर्ती, दर्ता छुट, ऐलानी, खोला उकास तथा बाढीपहिराका कारण बगरमा परिणत भएका जग्गालाई वैज्ञानिक कृषि प्रणालीका सहयोगमा पुनः उर्वर कृषियोग्य भूमिमा परिणत गर्न सकिन्छ।

जलाधार संरक्षणः यसको जराले जमिनमुनिको पानीलाई सतहतर्फ ल्याएर ओसिलो बनाउने हुँदा मुहान सुक्न दिँदैन। जमिनमा रहेका दूषित तत्त्व सोस्ने हुँदा पानी शुद्धीकरण गरी मुहान संरक्षण गर्न पनि मद्दत गर्छ। वाग्मती, विष्णुमतीजस्ता नदी शुद्धीकरणका सन्दर्भमा भेटिभर प्रभावकारी जैविक अस्त्रका रूपमा अग्रणी रहन सक्छ।

हरित इन्धनको स्रोतः भेटिभर हरित इन्धनको एक महत्त्वपूर्ण स्रोत हो। हाल नेपालले वार्षिक झन्डै रु तीन खर्बको जीवाश्म इन्धन आयात गरिरहेको छ। भेटिभरलाई हरित इन्धन उत्पादनमा कच्चा पदार्थका रूपमा प्रयोग गर्न सकिन्छ। यसबाट बायोमास, बायोग्यास र बायो सिएमजी उत्पादन गर्न सकिन्छ। बायो सिएमजीका प्रयोगबाट सवारी साधनमा प्रयोग हुने जीवाश्म इन्धनको विस्थापनका साथै विद्युत् उत्पादन पनि गर्न सकिने हुँदा जीवाश्म इन्धनको आयात घटाउँदै इन्धन खरिदमा खर्च हुने विदेशी मुद्रा बचत भई व्यापार घाटासमेत कम गर्न सकिन्छ। साथै जीवाश्म इन्धनले कोइलाभन्दा आधा कार्बन उत्सर्जन गर्ने हुँदा नेपाल कार्बन नेगेटिभ भई कार्बन व्यापारबाट समेत किसानले अर्थोपार्जन गर्न सक्छन्। यी यावत् इन्धन उत्पादन गरिसकेपछि निस्कने बाइप्रोडक्ट जैविक मलका रूपमा हामीले प्रयोग तथा निर्यातसमेत गर्न सकिन्छ। राज्यले वार्षिक रूपमा अर्बौं रुपैयाँ रासायनिक मलखाद खरिदमा अनुदानका नाममा खर्च गरिरहेको अवस्थामा यसतर्फ ध्यान दिने हो भने कृषिका धेरै समस्या एकमुष्ट समाधान हुन सक्दछ। ग्रामीण क्षेत्रमा दाउरा मुख्य ऊर्जाका रूपमा प्रयोग भइरहेका अवस्थामा भेटिभरबाट उत्पादन हुने ब्रिकेटले रुख कटान नियन्त्रण गर्न भूमिका खेल्छ।

**दिगो विकासका लक्ष्य पूरा गर्ने आधारः** भेटिभरको समुचित प्रयोगमार्फत दिगो विकासको अवधारणान्तर्गतका १७ लक्ष्य पूरा गर्नेतर्फ अग्रसर हुन सक्छ। गरिबी निर्मूलीकरण, भोकमरी उन्मूलन, राम्रो स्वास्थ्य र जनकल्याण, गुणस्तरीय शिक्षा, लैङ्गिक समानता, स्वच्छ पानी र सरसफाइ, किफायती र स्वच्छ ऊर्जा, सभ्य काम र आर्थिक वृद्धि, उद्योग, नवप्रवत्र्तन र पूर्वाधार, समानता, दिगो सहर र समुदाय, जिम्मेवार उपभोग र उत्पादन, जलवायु कार्य, पानीमुनिको जीवन, भूमिमा जीवन, शान्ति, न्याय र बलियो संस्था तथा लक्ष्यहरूका लागि साझेदारी सन्दर्भमा भेटिभरले कार्य गर्न सक्छ। यसको विकास र विस्तारबाटै दिगो विकासका लक्ष्य पूरा गर्न सकिन्छ।

पछिल्लो क्षति

राष्ट्रिय जलवायु परिवर्तन सर्वेक्षणको पछिल्लो तथ्याङ्कअनुसार जलवायु परिवर्तनका कारण नेपालले पछिल्लो पाँच वर्षमा रु चार खर्बभन्दा बढी नोक्सानी बेहोरेको छ। तथ्याङ्कानुसार वार्षिक रु ८३ अर्ब बराबरको क्षति हुने गरेको छ। जलवायुजन्य विपद्ले भौतिक पूर्वाधार, खाद्य सुरक्षा, रोग तथा कीटाणुलगायत विभिन्न माध्यमबाट क्षति पु¥याएको पाइएको छ। तसर्थ राज्य विकास निर्माणलगायत क्षेत्रमा बायो–इन्जिनियरिङतर्फ अगाडि बढ्न आवश्यक देखिन्छ। समयमै भेटिभरसहितका जैविक समाधानको उपाय अपनाएमा यस्ता क्षतिमा महसुस हुने गरी न्यूनीकरण गर्न सकिन्छ।

हालका दिनमा नेपालको कृषि क्षेत्रमा धेरै समस्या भई किसानहरू प्रताडित हुनुपरेका अवस्थामा यसको खेती गरेमा बाँदरलगायत पशुपक्षीबाट हुने क्षति, रोगकिराबाट हुने क्षति आदिबाट बचाउन सकिन्छ। खडेरी तथा डढेलोबाट हुनसक्ने क्षतिबाट पनि बच्न सकिन्छ। बायो–इन्जिनियरिङमा हाल प्रयोग भइरहेका बिरुवाको जराको क्षमता, सहन गर्न सक्ने तापक्रम, डढेलो आदिबाट पार्न सक्ने असर आदिको अध्ययन नगरी प्रयोग गर्दा खासै उपयोगी हुन सकेका छैनन्। हाल नेपालको काठमाडौँ—तराई मधेस द्रुतमार्ग, पोखरा अन्तर्राष्ट्रिय विमानस्थललगायत स्थानमा पनि यो प्रविधिको प्रयोग गरिएको छ। यो बहुपयोगी वनस्पतिलाई प्रयोग गरी चीन, भारत, अफ्रिका, ल्याटिन अमेरिकाकी देशहरुले व्यापक फाइदा लिएको अवस्थामा। नेपालमा पनि भेटिभरको उपयोगिता तिनै तहका सरकारहरूले यसको अध्ययन अनुसन्धान गरी प्रवद्र्धनका लागि पहल गर्नु आवश्यक देखिन्छ। रासस

# अग्रगामी नीतिले समाज रुपान्तरण हुन्छः नेपाल



**अनिल पोखरेल**
**राजविराज ।**
नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले अग्रगामी नीतिले देश विकास र समाज रूपान्तरण हुने बताएका छन् । उनले पार्टीमा बढेको जन आकर्षण देखेर विरोधीहरूको होसहवास उडेको जिकिर गरे । सप्तरीको राजविराज ९ स्थित मलेठमा बुधबार आयोजित अगुवा कार्यकर्ता भेला तथा वृहत पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष नेपालले यस्तो बताएका हुन् । अध्यक्ष नेपालले भने, 'अहिले गाउँटोलसम्म नेकपा एसमा आकर्षण बढेको छ, विभिन्न पार्टी परित्याग गरी एसमा प्रवेश गर्नेको लहरै चलेको छ । यसले गर्दा विरोधीहरूको होसहवास गुमेको छ ।'
सामाजिक सुरक्षा भत्ता, आफ्नो गाउँ आफै बनाऔँ कार्यक्रम र सुकुम्बासीलाई जग्गा तथा घरको व्यवस्था मिलाउने कार्यक्रम आफू २०५१ सालमा मनमोहन अधिकारीको नेतृत्वमा रहेको सरकारको उपप्रधानमन्त्री हुँदा ल्याएको कार्यक्रम भएको अध्यक्ष नेपालले दाबी गरे । सामाजिक न्याय र समानताको लागि पार्टी स्थापना भएको बताउँदै पूर्व प्रधानमन्त्रीसमेत रहेका अध्यक्ष नेपालले जातीय, धार्मिक, सांस्कृतिक तथा सबै प्रकारको अन्याय, अत्याचार र विभेद तथा भेदभावको अन्त्य गर्दै सुशासनसहितको विकसित र समृद्ध देश बनाउनका लागि पार्टीले समाजवादी नीति अवलम्बन गरेको उल्लेख गरे । अध्यक्ष नेपालले अगुवा कार्यकर्ता भेला तथा बृहत पार्टी प्रवेश गर्नुअघि मलेठ घटनामा मारिएका सहिदको तस्वीरमा माल्यार्पण गरेका थिए ।
लोसपाका नेता शम्भु कुमार यादव (लाली) रामचन्द्र यादव, मो. ताहिरको नेतृत्वमा सयौं नेताकार्यकर्ता लोसपा परित्याग गरी नेकपा एसमा प्रवेश गरेका छन् । राजगढ गाउँपालिका स्थित झौरा चोकमा बुधबारै आयोजित कार्यक्रमबिच, लोसपा, कांग्रेस, एमाले, जसपा, जनमत, सदभावना पार्टी परित्याग गरी सयौको संख्यामा नेता कार्यकर्ता कीकृत समाजवादी पार्टीमा प्रवेश गरेका हुन् ।
कार्यक्रममा नेकपा एसका केन्द्रीय उपाध्यक्ष धर्मनाथ साह नेकपा एसका सचिवालय सदस्य एवम् पूर्व मन्त्री रामचन्द्र झा, नेकपा एसका केन्द्रीय सदस्य एवम् मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्द बहादुर न्यौपाने, नेता रामचन्द्र यादव, केन्द्रिय सदस्य एवम् सप्तरी जिल्ला सहइन्चार्ज उषा पोखरेल, केन्द्रीय सदस्य नथुनी दास, निरञ्जन झा, मधेश प्रदेशका सह सचिव नारायण आचार्य, सिरहा जिल्ला अध्यक्ष उत्तर बहादुर मगरलगायतका प्रदेश, जिल्ला, क्षेत्रलगायतका विभिन्न तहका नेताकार्यकर्ताको उपस्थिति रहेको थियो ।
नेकपा एस सप्तरीका अध्यक्ष प्रताप नारायण चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा जिल्ला सचिव शम्भु यादवद्वारा सञ्चालित कार्यक्रममा स्वागत जयप्रकाश यादवले गरे थिए ।

# रौतहटमा आइपीभी खोप दुई चरणमा सञ्चालन

**मधेशदृष्टि**
**रौतहट ।**
'आइपीभी खोप कार्यक्रम २०८१' रौतहट जिल्लामा दुई चरणमा सञ्चालन हुने भएको छ । जिल्ला स्वास्थ्य कार्यालय रौतहटद्वारा बुधबार गौरमा आयोजित 'आइपीभी खोप अभियान २०८१ जिल्ला खोप समन्वय समिति तथा सञ्चारकर्मीहरू' बीच एक दिने अभिमुखीकरण गोष्ठीका कार्यक्रममा उक्त कुराको जानकारी गराइएको हो । यही जेठ १३ गते आइतबारदेखि राष्ट्रिय अभियानको रूपमा 'आइपीभी खोप कार्यक्रम २०८१' सञ्चालन हुन गइरहेको छ ।
पहिलो चरणमा फतुवा विजयपुर, मौलापुर, गढीमाई, चन्द्रपुर, गुजरा, वृन्दावन, गरुडा नगरपालिका र दुर्गा भगवती, यमुनामाई गाउँपालिकामा यही जेठ १३ देखि १७ गतेदेखि सञ्चालन हुने जिल्ला खोप संयोजक अनिल कर्णले बताए । त्यसैगरी, दोस्रो चरणमा राजपुर, इशनाथ, गौर राजदेवी, देवाही गोनाही, कटहरिया, बौधीमाई, माधवनारायण र परोहा नगरपालिकामा २१ देखि २६ गतेसम्म सञ्चालन हुनेछ । उनका अनुसार २०७३ वैशाख १ गतेदेखि २०७५ असोज मसान्तभित्र जन्मिएका बालबालिकाहरूलाई आइपीभी खोप लगाउने योजना अनुसार रौतहट जिल्लामा ३७ हजार ८४७ लक्ष्य रहेकोमा ३९ हजार डोज खोप आइसकेको छ ।
कार्यक्रममा विश्व स्वास्थ्य संगठन जनकपुरधामका फिल्ड अफिसर डाक्टर सुरेश शुक्लाले नेपालमा आइपीभी खोप सेवा अभियान २०७१ असोज मसान्तदेखि शुरू गरिएकोमा २०७३ वैशाखदेखि २०७५ असोज मसान्तसम्म उक्त खोपको चरम अभाव भएको सुनाए ।
सो अवधिमा आइपीभी खोप लगाउन छुटेका बालबालिकाहरूलाई पोलियो लाग्ने जोखिम रहको हुँदा ती बालबालिकाहरूलाई अनिवार्य रूपमा यो खोप दिन जरुरी रहेको डाक्टर शुक्लाले बताए । ८० प्रतिशत पूर्ण, १६ प्रतिशत आंशिक र ४ प्रति लगाउन नसकेको खोपको समग्र अवस्था नेपालमा रहेको जिल्ला स्वास्थ्य कार्यालय रौतहटका प्रमुख विपिन कुमार साहले बताए । कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी नरेश यादव, जिल्ला समन्वय समितिका सभापति एवम् जिल्ला खोप समन्वय समितिका अध्यक्ष रामअयोध्या यादव, नेपाल पत्रकार महासङ्घका सभापति प्रेमचन्द्र झा, रौतहट प्रहरी प्रमुख एसपी दिलिप घिमिरे, राष्ट्रिय अनुसन्धानका उपनिर्देशक अभियान कुमार सिंह, युनिसेफका प्रतिनिधि सुरेश गुप्तालगायत सञ्चारकर्मी र स्वास्थ्यकर्मीसहितका वक्ताहरूले यस अभियानलाई पूर्ण रूपमा सफल बनाउन सबैले आ–आफ्नो स्थानबाट सक्दो योगदान दिन आग्रह गरेका थिए ।

# जनशक्ति अभावले कलैया अस्पतालमा...

भएको जनशक्तिबाट राम्रो सेवा हामीले दिइरहेका छौँ ।'
अस्पतालले ब्लड बैंक, डाइलासिस, इन्डोस्कोपी जस्ता सेवा सञ्चालन गरिरहेको अध्यक्ष चौगाई बताउँछन् । मेसिन हुँदा हुँदै पनि जनशक्ति अभावमा ती सब सञ्चालनमा आएका थिएनन् तर आफू आएपछि सबै व्यवस्थापन गरेको उनको भनाई छ ।
सरकारले नागरिकलाई यो यो सेवा सुविधा दिनु पर्छ भनेर भन्छ तर, बारम्बार यहाँको समस्या सुनाउँदा ध्यान नदिएको उनको गुनासो छ । 'सरकारले सेवा दिन भन्छ तर जनशक्ति दिँदैन भने कसरी हुन्छ, यसतर्फ तीनै तहको सरकारले ध्यान दिनु पर्छ ।' उनले भने, 'प्रादेशिक अस्पताललाई सय बेडको बनाउने प्रदेश सरकारले घोषणा गरेको तर, कार्यान्वयन गर्दैन्, आइसीयूमा बिरामीको चाँप अनुसार २० वटा बेड आवश्यक छ । ओपीडीमा बिरामीको चाँप यति छ कि उभिने ठाउँ छैन । म बस्ने कोठामा ओपिडी सेवा सञ्चालन भइरहेको छ । चाहेर पनि धेरै काम गर्न सक्ने अवस्था छैन्', उनले भने ।
कलैया प्रादेशिक अस्पतालले करिब दुई महिनादेखि कलेजो बिग्रेर ज्यान जोखिममा परेका बिरामीको ज्यान जोगाउन सकिने जटिल प्रकारको 'इभीबीएल' उपचार सेवा, नवजात शिशुको आइसियू (एसएनसीयू) सेवा सञ्चालन गरिरहेको छ । तर, अस्पतालमा सिटी स्कान र डिआर (डिजिटल रेडियोग्राफ) एक्सरे मेसिन नहुँदा कतिपय बिरामीलाई अन्त्य पठाउनु पर्ने बाध्यता रहेको अध्यक्ष चौगाई बताउँछन् । आवश्यक मेसिनको व्यवस्थापन गर्न सरकार गम्भिर नभएको उनको गुनासो छ । अस्पतालको स्तरोन्नति र सेवा सुविधा विस्तारमा कलैया उपमहानगरपालिकाले पनि कुनै चासो नदिएको उनको भनाई छ । गत वर्ष जेनेरेटर जडानमा उपमहानगरले ६ लाख रुपैयाँ सहयोग गरेको उनले बताए । तर चालु आर्थिक वर्षमा उपमहानगरले केही सहयोग नगरेको उनी बताउँछन् । उनले भने, 'मेयर साबसँग कुरा गर्दा उहाँ भन्नुहुन्छ 'तपाई हाम्रो कुरा मान्नु हुन्न' कसरी सहयोग
गर्ने ।' कस्तो कुरा मान्नु हुन्न् भनेर सोध्दा अध्यक्ष चौगाई भन्छन्, 'त्यहीँ हो नि हाम्रो मान्छे राख्दिनु पर्यो, अरु के होला र ?'

# वीरगंज नाकाबाट २१ अर्ब बढीको सामान निर्यात

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज आइसिपी भन्सार नाका हुदै आर्थिक बर्ष २०८०/०८१ को दश महिनामा भारतलगायत तेस्रो मुलुकतर्फ २१ अर्ब ५० करोड १६ लाख ७५ हजार रुपैयाँ मूल्य बराबरको नेपाली उत्पादन निकासी भएको छ । वीरगंज नाका हुदै भारत, डेनमार्क, अष्ट्रेलिया, अमेरिका, चीन, रुस, फिलिपिन्स, थाईल्याण्डलगायतका मुलुकहरुमा तेल, जुस, कपडालगायतका नेपाली उत्पादन तथा जडीबुटी निकासी भएको वीरगंज आईसिपी भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले जानकारी दिए ।
आइसिपी भन्सार नाका हुदै दश महिनाको अवधिमा ६ अर्ब ८१ करोड १८ लाख ९२ हजार रुपैयाँ मूल्य बराबरको फलफूलको जुस भारत निर्यात भएको छ भने सो अवधिमा ६५ करोड ९१ लाख ७२ हजार रुपैयाँ मूल्य बराबरको पाम आयल निर्यात भएको छ ।
त्यसैगरी सो अवधिमा ५ अर्ब ५९ करोड १९ लाख २७ हजार रुपैयाँ मूल्य बराबरको फलामे पाता भारत निर्यात भएको छ भने ९२ करोड ८ लाख ७७ हजार मुल्य बराबरको जमोठ कपडा निर्यात भएको वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक पन्थीले बताए । त्यसैगरी दश महिनाको अवधिमा १ अर्ब ४१ करोड ७४ लाख ६ हजार रुपैयाँ मूल्य बराबरको पिना निर्यात भएको छ भने बत्तिसा, त्रिफला, च्वबनप्रास लगायतका डावर नेपालका उत्पादनहरु ७३ करोड ४३ लाख २७ हजार रुपैयाँ मूल्य बराबरको भारत निर्यात भएको छ ।
त्यसैगरी चालु आर्थिक वर्षको दश महिनामा प्रशोधित भटमासको तेल ८ करोड ८२ लाख ६१ हजार रुपैयाँ मूल्य बराबरको भारत निर्यात भएको छ ।
वीरगंज भन्सार नाकाबाट ७२ करोड ८ लाख ७१ हजार रुपैयाँ मूल्य बराबरको सेन्थेटिक यार्न, ५८ करोड ३० लाख ४१ हजार रुपैयाँ मूल्य बराबरको आयुर्वेदिक तथा होमियापेथिक औषधीको कच्चा पदार्थ भारतलगायत तेस्रो मुलुक निर्यात भएको वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले जानकारी दिए । त्यसैगरी वीरगंज नाकाबाट दश महिनामा ५५ करोड ४० लाख ६१ हजार रुपैयाँ मूल्य बराबरको स्पोर्ट सुज, ६३ करोड १५ लाख ६४ हजार रुपैयाँ बराबरको नेपाली कपडा, २२ करोड ४१ लाख ९१ हजार रुपैयाँ बराबरको उनी गलैचा भारत निर्यात भएको छ ।
वीरगंज भन्सार कार्यालयका अनुसार वीरगंज नाकाबाट ७० करोड ३७ लाख ४० हजार रुपैयाँ बराबरको सि.आर.सिट, ५३ करोड ३० लाख ५६ हजार रुपैयाँको कुकुर तथा बिरालोको खाना, ३७ करोड २८ लाख २४ हजार रुपैयाँ बराबरको तयारी कपडा, ५७ करोड ७४ लाख ११ हजार रुपैयाँ बराबरको दन्तमन्जन निर्यात भएको छ । आइसिपी भन्सार कार्यालय वीरगंजका प्रवक्ता एवं प्रमुख भन्सार अधिकृत राजेन्द्र ढुंगानाका अनुसार ९ करोड ९४ लाख १० हजार रुपैयाँ बराबरको सुर्यमुखी प्रशोधित तेल, २६ करोड २३ लाख ९५ हजार रुपैयाँ मूल्यको प्लाष्टिकका बिर्को ढकनीहरु र १ करोड ३२ लाख ३१ हजार रुपैयाँ बराबरको चोकर, भुस भारत निर्यात भएको छ ।

# पशुपतिमा साउनभरी ऐतिहासिक कोटी होम महायज्ञ हुने

**मधेशदृष्टि**
**वीरगंज ।**
विश्वका हिन्दूधर्मालम्बीहरुको आस्थाको प्रमुख केन्द्र पशुपतिनाथ स्थित वनकालीमा ऐतिहासिक विशाल कोटी होम यज्ञ गरिने भएको छ । मानव सेवा फाउन्डेसनको संयोजकत्वमा एक दर्जन संघ–संस्थाको आयोजनामा कोटी होम महायज्ञ सञ्चालन हुने भएको हो । महायज्ञ आगामी साउन महिना भरि चल्ने श्री मद्भागवत कथा पुराण प्रवक्ता वालयोगेश्वर श्री विजय कृष्णमुर्ती जीले जानकारी दिए ।
हाम्रो धर्म संस्कृतिको संरक्षण समग्र मानवजातीको सुख, शान्ति र समृद्धिका लागि महायज्ञ गर्न लागिएको उनले बताए । नेपाल अध्यात्म भुमी हो । यस



तपोभुमीबाट योग, ध्यान, प्रणाम धर्म, ज्ञान, साधना र विज्ञानको महत्व विकास भएकाले हो भन्ने जानकारी र सन्देश समेत जनजनमा पुर्याउने महायज्ञको ध्येय रहेको छ । मामाघर अनाथालय आश्रम, ललितपुर र छोरीको घर ज्येष्ठ नागरिक आश्रम, भक्तपुरको भवन निर्माणलगायत मानवीय सेवाका लागि सहयोग जुटाउने पनि महायज्ञको उद्देश्य रहेको आयोजकहरूले जनाएका छन् ।
मामाघर अनाथालय आश्रमले अनाथ र आधारभूत आवश्यकताबाट बन्चित बालबालिकालाई निःशुल्क भोजन, आवास तथा स्वास्थ्य र शिक्षा प्रदान गर्दै आएको छ । यस्तै, छोरीको घर ज्येष्ठ नागरिक आश्रमले बेसहारा, शोषित र पीडित ज्येष्ठ नागरिकलाई गास, बास, कपासका साथै स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेको छ । महायज्ञ अवधिभर जगद्गुरु, साधु, सन्त, महन्तका साथै ख्यातिप्राप्त कथा वाचकहरूबाट आशीर्वचन तथा कथा प्रवचन हुनेछ । यस्तै, विभिन्न गुरुहरूबाट नित्य हवन, पूजा, आरती र भजन कीर्तन हुने आयोजकले जनाएको छ ।

# वीरगंज महानगर दैनिक दुई पटक फोहर उठाइँदै

**वीरगंज ।**
देशको सङ्घीय राजधानी काठमाडौँवासीले साताको एक पटक फोहरमैला सङ्कलन गर्ने गाडी आउँदा पनि राहतको महसुस गर्ने गर्छन् । घरभित्र थुप्रिएको फोहरमैलामा दुर्गन्ध आएर बसिखप्नै नहुने भएकाले पनि राहतको अनुभूति गर्ने हुन् । बेलाबखतमा बञ्चरेडाँडा र सिसडोलका स्थानीयवासीको अवरोधले पनि काठमाडौँवासी महिनौँ दिनसम्म फोहरमैला सडकमै यत्रतत्र देख्दै आइरहेका छन् । राजधानीवासीलाई सुन्दै अनौठो र अचम्मित पार्ने दृश्य मधेश प्रदेशकै एक मात्र महानगर वीरगञ्ज महानगरमा देख्न पाइन्छ । औद्योगिक र व्यापारिक नगरिको उपमा पाएको वीरगंज बजार क्षेत्रमा दैनिक दुई पटक फोहरमैला सङ्कलन हुँदै आइरहेको छ ।
महानगरले बिहान र बेलुकाको समयमा फोहरमैला सङ्कलन गर्दै आइरहेको छ । साथै महानगरले फोहर सङ्कलन गरेबापत सर्वसाधारणबाट कुनै पनि शुल्क लिदैँन । उद्योगी÷व्यवसायी तथा सरकारी निकायले मासिक तीन सय रुपैयाँदेखि तीन हजार रुपैयाँसम्म शुल्क तिर्नुपर्ने नियम छ । वीरगंजका नगरप्रमुख राजेशमान सिंहले महानगरको नेतृत्व सम्हालेसँगै फोहरमैला सङ्कलनलाई उच्च प्रथामिकतामा दिँदै आइरहेका छन् । जनस्तरबाट भने अपेक्षाकृत रुपमा फोहरमैला व्यवस्थापनमा सचेतना अपनाएको कमै मात्र देखिन्छ । नगरप्रमुख सिंहले सामान्य अवस्थामा दिनको दुई पटक फोहरमैला सङ्कलन गर्दै आइरहेको बताए । 'चाडपर्वको समयमा दिनको तीन पटकसम्म पनि फोहरमैला सङ्कलन गर्दै आएका छौँ' उनले भने, 'महानगरको फोहरमैला व्यवस्थापनको कार्यमा अझै पनि म व्यक्तिगत रुपमा सन्तुष्ट छैन । सहरी क्षेत्रमा फोहरमैला केहीहदसम्म नियन्त्रणमा आएको छ । ग्रामीण क्षेत्रमा अपेक्षाकृत रुपमा हुन सकिरहेको छैन ।'
महानगरका अनुसार वीरगंजमा दैनिक ५५–६५ मेट्रिक टन फोहरमैला सङ्कलन हुँदै आएको छ । विगत छ वर्षदेखि फोहरमैला सङ्कलन र व्यवस्थापनको काम निजी क्षेत्रबाट हुँदै आएको छ । महानगरले ठेक्का सम्झौता गरेर यहाँको फोहरमैला व्यवस्थापनको काम पृथ्वी÷तारा एनके इन्टरप्राइजेज जेभीलाई दिएका थियो । जेभिले वीरगंज महागरका ३२ वटै वडाको फोहरमैला सङ्कलन गर्दै आइरहेको छ । महानगर र जेभीबीच विसं २०७६ जेठ २ गते पाँच वर्षसम्मका लागि सम्झौता भएको थियो । महानगरका सरसफाइ व्यवस्थापन शाखाका प्रमुख सर्फुदिन मियाँले महानगरले निजी क्षेत्रसँग सम्झौता गरेर फोहरमैला व्यवस्थापनको जिम्मेवारी दिएको बताए । 'महानगर र निजी कम्पनीसँग यहाँको फोहर सङ्कलन तथा व्यवस्थापनको विषयमा पाँच वर्षको ठेक्का सम्झौता भएको थियो' उनले भने, 'उक्त ठेक्का सम्झौताको म्याद सम्पन्न भइसकेको छ । नयाँ ठेक्काको प्रक्रिया अघि बढे पनि टुङ्गो लागिसकेको छैन ।'
महानगर र जेभिबीच भएको सम्झौतामा प्रत्येक वर्ष फरक–फरक दररेटमा फोहरमैला सङ्कलन गर्ने उल्लेख गरिएको छ । सम्झौताको पहिलो वर्ष महानगरभित्र उत्पादन हुने फोहरमैला निजी क्षेत्रले व्यवस्थापन गरेबापत आव २०७५÷७६ मा चार करोड ८४ लाख रुपैयाँ रकम दिने सम्झौता गरेको थियो । दोस्रो वर्ष आव २०७६÷७७ मा पाँच करोड सात लाख ५६ हजार रुपैयाँ दिने उल्लेख छ । आव २०७७÷७८ मा पाँच करोड २८ लाख ८८ हजार रुपैयाँ, आव २०७८÷७९ मा पाँच करोड ५० लाख रुपैयाँ र आव २०७९÷८० मा पाँच करोड ७२ लाख रुपैयाँ रकम उपलब्ध गराइएको थियो । अहिले महानगरले पाँच करोड ७२ लाख रुपैयाँमा खर्च तिरेर फोहरमैला व्यवस्थापन गराउँदै आइरहेको छ । निजी कम्पनीले दैनिक २५ ट्रयाक्टर तथा तीन ट्रिपरको सहायताले व्यवस्थापन गर्दै आइएको जनाएको छ । महानगरले फोहरमैला व्यवस्थापन गरेबापत सर्वसाधारणबाट कुनै शुल्क लिदैन । उद्योगी तथा व्यापारीसँग मासिक तीन सय रुपैयाँदेखि तीन हजार रुपैयाँसम्म लिने गरिएको जनाइएको छ । यहाँबाट निस्कने फोहरमैलाको व्यवस्थापन पर्सा र बारा जिल्लाको सीमा क्षेत्र विश्रामपुर गाउँपालिकाको १६ बिघा नौ कठ्ठा सात धुर क्षेत्रफलमा रहेको ल्याल्डफिल्ड साइडमा हुँदै आएको छ ।

### नयाँ बोलपत्र टुङ्गो नलाग्दा दुई महिना म्याद थप

वीरगंज महानगरको फोहरमैला व्यवस्थापनसम्बन्धी नयाँ बोलपत्र प्रक्रिया टुङ्गो नलाग्दा पुरानै कम्पनीसँग फेरि दुई महिना म्याद थप गरिएको छ । यसअघि फोहरमैला व्यवस्थापनको काम निजी कम्पनी पृथ्वी÷तारा एनके इन्टरप्राइजेज जेभिले गर्दै आइरहेको थियो । जेभिसँगको पाँच वर्षको ठेक्का सम्झौता गतवर्ष सकिएको हो । विगत एक वर्षदेखि महानगरले नयाँ कम्पनी छनोट गर्न नसक्दा पुरानै कम्पनीसँग पुरानै दररेटमा फोहरमैला व्यवस्थापन गर्ने जिम्मेवारी दिँदै आएको छ । महानगरले २०८०÷८१ सालको सुरुवाती चरणदेखि नै प्रक्रिया अघि बढाएको थियो । बोलपत्र प्रक्रियाको ढिलासुस्तीका कारणले अझै पनि ठेकेदार कम्पनी छनोट हुन सकिरहेको छैन । शाखा प्रमुख मियाँले नयाँ बोलपत्र प्रक्रिया टुङ्गो नलाग्दा पुरानै दररेटमा सोही कम्पनीसँग दुई महिना म्याद थप गर्ने निर्णय भएको बताए ।
'गत वैशाख ३१ गते प्रमुख प्रशासकीय अधिकृतको निर्णय अनुसार पुरानै दररेट अनुसार दुई महिनाका लागि फोहरमैला व्यवस्थापनको म्याद थप गर्ने निर्णय भएको छ' उनले भने, 'अबको दुई महिनाभित्र नयाँ ठेकेदार कम्पनीको टुङ्गो लगाएर आगामी साउन १ गतेदेखि छनोट हुने कम्पनीलाई जिम्मेवारी दिनेछौँ ।' महानगरले प्रत्येक वडा कार्यालयमा पाँच जनाका दरले दैनिक ज्यालादारीमा मजदूर खटाएर नाली तथा मङ्गाल दुई वटा जेटिङ मेसिनको सहायताले सफा गर्दै आइरहेको छ । महानगरभित्र खुल्ला नालीका साथै अव्यवस्थित ढल निकाशा भएकाले पनि बारम्बार नाली तथा मङ्गल जाम हुने समस्या रहेको शाखा प्रमुख मियाँले बताए । 'गर्मीयाममा वीरगंजका अधिकांश नाली सुख्या हुने र पानीको बहाव न्यून हुँदा पनि फोहरमैलाको दुर्गन्ध र लामखुट्टेको जोखिम देखिएको छ' उनले भने, 'सरसफाइलाई निरन्तर रुपमा अघि बढाउने योजनामा छौँ ।' रासस

**सप्तकोशी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
तुलसी चौक, फत्तेपुर, सप्तरी
मधेश प्रदेश, नेपाल
**आन्तरिक श्रोत संकलनसम्बन्धी**
## शिलबन्दी दरभाउपत्र आह्वानसम्बन्धी सूचना
**प्रथमपटक सूचना प्रकाशित भएको मिति २०८१/०२/१० गते**
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएअनुसार यस नगरपालिकाको क्षेत्रभित्र आ.व. २०८१/८२ का लागि तपसिल बमोजिमको आन्तरिक श्रोत संकलन गर्न इच्छुक व्यक्ति, संघसंस्था, फर्म तथा कम्पनीहरुबाट निम्नबमोजिमको रीत पुर्‍याई शुल्क संकलनका लागि शिलबन्दी दरभाउपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| दरभाउपत्र नं. | आन्तरिक श्रोत संकलन विवरण | क्षेत्र | वार्षिक न्यूनतम अंक (कर सहित) | दरभाउपत्र फारम दस्तुर | खरिद तथा पेश गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने समय | आवश्यक धरौटी र बैंक खाता नं. | कै. |
|---|---|---|---|---|---|---|---|---|
| ०१/आ.श्रो प्याकेज नं १ | सवारी पार्किङ्ग तथा सरसफाई शुल्क | नगर क्षेत्र | १५९०३१८ | रु. १०००।०० (पछि फिर्ता नहुने गरी) | सूचना प्रकाशन भएको मिति १५ दिन भित्र खरिद र १६औँ दिन दिनको १२:०० बजेभित्र नगरपालिकाको कार्यालयमा दाखिला हुनु पर्नेछ। | १६ औं दिन दिउँसो २:०० बजे | कबोल अंकको ५% रकम नेपाल बैंक लि. फत्तेपुर, शाखाको खाता नं. ११३०३००००३००००००१ को धरौटी खातामा रकम जम्मा गरेको सक्कल भौचर। | |
| ०२/आ.श्रो प्याकेज नं. २ | हाटकर | वडा नं. १ को फत्तेपु, सोमबारे, शुक्रबारे (पशु हाट समेत) | २७५९१८ | | | | | |
| ०३/आ.श्रो प्याकेज नं. ३ | हाटकर | वडा नं. ४ को बर्लादह हटिया र वडा नं. ८ को मंगल हटिया | १४३४१८ | | | | | |
| ०४/आ.श्रो प्याकेज नं. ४ | हाटकर | भगनी हटिया | ३७१०० | | | | | |

**शर्तहरु**
१. दरभाउपत्र खरिद गर्दा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र फर्म वा कम्पनी भए फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि साथ निवेदन पेश गरी कार्यालयबाट खरिद गर्न सकिने।
२. दरभाउपत्र साथ सक्कल भौचर र नेपाली नागरिकताको प्रतिलिपि र फर्म वा कम्पनी भए फर्म दर्ता प्रमाणपत्र, कर दर्ताको प्रतिलिपि र नियमानुसार कर चुक्ता प्रमाणपत्रपको प्रतिलिपि समेत संलग्न राखी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ। साथै दरभाउपत्र पेश गर्ने खाम बाहिर स्पष्ट बुझिने गरी ठेक्का नं. र ठेक्का विवरण उल्लेख गरी शिलबन्दी दरभाउपत्र दाताको नाम, थर, ठेगाना र सम्पर्क नं. समेत उल्लेख भएको हुनु पर्नेछ।
३. पहिलो किस्ताको रकम ठेक्का अंकको ५० प्रतिशत कायम गरिने र अन्य किस्तामा २५/२५ प्रतिशतमा विभाजन गरिनेछ। पहिलो किस्ताको रकम ठेक्का सम्झौता सँगै यस कार्यालयमा बुझाउनसु पर्नेछ। दोस्रो किस्ताको रकम सम्झौताको मितिले चौथो महिनामा र अन्तिम किस्ताको रकम सम्झौताको मितिले आठौं महिना भित्र यस कार्यालयमा बुझाउनुपर्नेछ।
४. प्याकेज नं. १ नगर क्षेत्रमा सवारी पार्किङ्ग तथा सरसफाई शुल्क संकलनको कार्य मत्स्य विकास केन्द्र अगाडी मुख्य बाटोदेखि भगनी र फत्तेपुर बसपार्क क्षेत्रमा मात्र गर्न पाइनेछ।
५. म्याद नाघी आएको, रीत नपुगेको र सर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।
६. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने वा खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यक्रमहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिनको सोही समयमा हुनेछ।
७. दरभाउपत्रदाताको दरभाउपत्र पेश गर्दा मूल्य अभिबृद्धि रकम सहितको कबोल अंक उल्लेख गर्नु पर्नेछ। प्रचलित कानून बमोजिम लाग्ने कर, दस्तुर आदि बुझाउनु पर्ने रकम ठेकेदार आफैले बुझाउनु पर्नेछ। मूल्य अभिबृद्धि करको हकमा प्रचलित बमोजिम लाग्ने मु.अ.कर रकम किस्ता भुक्तानी सँगै अग्रिम रुपमा बुझाउनु पर्नेछ।
८. सम्झौता रकम कायम गर्दा सम्झौता भएको मितिदेखि आर्थिक वर्षको अन्त्य सम्मको अवधिलाई आधार मानी कायम गरिनेछ।
९. कार्यालयसँग बाँकी बक्यौता रहेका व्यक्ति फर्म, संस्था शिलबन्दी दरभाउपत्रका लागि ग्राह्य हुने छैनन्।
१०. विस्तृत जानकारीको लागि नगरपालिकाको कार्यालयमा बुझ्न सकिनेछ।
११. अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछ।

– प्रमुख प्रशासकीय अधिकृत

# युवा नेता सोनीले छाडे उपेन्द्र यादवको साथ




**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी(जसपा) नेपालका संघीय परिषद सदस्य शीवजी सोनीले पार्टी परित्याग गरेका छन् ।

पर्साको पकाहामैनपुर गाँउपालिका वडा नम्बर १ धोरे निवासी सोनीले बुधबार सामाजिक सञ्जाल फेसबुक स्टाटस पोष्ट गर्दै आँफूले जसपा नेपालको साधरण सदस्यसमेत नरहने गरी पार्टीबाट राजीनामा दिएको घोषणा गरेका छन् ।

जसपा नेपालमा निष्ठावान कार्यकर्ताको मुल्यांकन नहुने गरेको र केन्द्रिय अध्यक्ष उपपेन्द्र यादवको कार्यशैली पनि ठिक नभएको आरोप लगाउँदै सोनीले पार्टीबाट राजिनामा दिएका हुन् । मधेश आन्दोलनको सुरुवाती समयदेखि नै पार्टीमा लागेका कार्यकर्ताको मुल्यांकन जसपा नेपाल नेतृत्वले नगरेकोले अपमानित महसुस गरेर आँफूले जसपा नेपाल परित्याग गरेको सोनीले बताए ।

# वीर अस्पतालमा स्वास्थ्यमन्त्री यादवको अनुगमन

**मधेशदृष्टि**
**वीरगंज ।**
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप यादवले वीर अस्पतालमा छड्के अनुगमन गरेका छन् । बुधबार दिउँसो १ बजे मन्त्रीसहित सचिव डा रोशन पोखरेललगायत कर्मचारी अनुगमनमा सहभागी भएका थिए । मन्त्री यादवले वीर अस्पतालको नयाँ भवनदेखि पुरानो भवनको अवलोकन गरे । करिब तीन घण्टाको अनुगमनमा मन्त्री यादवले प्रत्यक्षरुपमा बिरामीलाई भेटेर अवस्थाका बारेमा जानकारी लिएका थिए । मन्त्री यादवले अस्पतालको सेवा थप प्रभावकारी बनाउन जनशक्तिको व्यवस्थापन तुरुन्तै गरिने बताए । शय्या अभावका कारण एउटै शय्यामा



महिला र पुरुष राखेर उपचार गरेकोसमेत भेटिएको थियो । अस्पतालमा आएका सर्वसाधारणले सेवासुविधामा भोग्नु परेको समस्या प्रत्यक्ष मन्त्रीसमक्ष राखेका थिए । औषधि पसलमा टोकन सिस्टम नहुँदा घण्टौँ लाइनमा बस्नुपर्ने बाध्यता रहेको सर्वसाधारणले मन्त्रीलाई सुनाएका थिए ।

मन्त्री यादवले औषधि पसलको लाइन व्यवस्थापन गर्न तुरुन्तै टोकन सिस्टम ल्याउन अस्पतालका उपकुलपति डा भूपेन्द्र बस्नेतलाई निर्देशन दिए ।

मन्त्री यादवले अनुगमनका क्रममा वीर अस्पतालको पछाडि थुप्रिएका प्रयोगविहीन भौतिक सामग्रीको तुरुन्तै व्यवस्थापन गर्न समेत निर्देशन दिएका थिए ।

# वीरगंजका ४ वटा पानी उद्योग मापदण्ड विपरित

**मधेशदृष्टि**
**वीरगंज ।**
जार तथा बोतलको पानी मापदण्ड विपरित भएको पाइएपछि स्थानीय प्रशासन र वीरगंज महानगरपालिकाले उद्योगलाई पानी वितरणमा रोक लगाएको छ । महानगरले अनुगमन गर्दा ४ वटा पानी उद्योग मापदण्ड विपरित भेटिएसँगै पानी बिक्री वितरणमा रोक लर्गाईएको छ ।

अनुगमनको क्रममा मापदण्ड अनुसार पानी उद्योग संचालन नभएकोले भेटिएपछि वीरगंजको वडा नम्बर १२ ब्रह्म चौक स्थित गंगोत्री पियोर ड्रिन्किङ्ग वाटर प्रा.लि, वीरगंज वडा न.१६ रजतजयन्ती चौकमा रहेको निर्जल जल प्रा.लि, वीरगंज वडा नम्बर १० रानिघाटमा रहेको बालाजी पियोर ड्रिन्किङ्ग वाटर र वीरगंज वडा नम्बर २ नारायणी अस्पताल नजिकै रहेको वीरगंज पियोर डिन्किङ्ग वाटरद्वारा उत्पादित पानीको विक्री वितरणमा रोक लगाएको हो ।

गर्मी बढेसँगै तराईका जिल्लाहरुमा पानीको हाहाकार भएपछि पानी उद्योगले गुणस्तरहीन पानी बितरण गर्ने गरेको भन्दै उपभोक्ता हित संरक्षण मञ्च पर्साको उजुरीको आधारमा जिल्ला प्रशासन कार्यालय पर्साको नेतुत्वमा गएको संयुक्त टोलीले उद्योगमा अनुगमन गरेको थियो । सो क्रममा ७ वटा पानी उद्योगको अनुगमन गरेकोमा ४ वटा उद्योगको पानी मापदण्ड विपरित भेटिएको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय मधेश प्रदेशका खाद्य अधिकृत प्रविण कुमार तिवारीले जानकारी दिए ।

# राष्ट्रिय मुक्ति क्रान्तिद्वारा धनुषामा अन्तरक्रिया

**मधेशदृष्टि**
**जनकपुरधाम**
नेता राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति क्रान्तिले जनकपुरधाममा अन्तरक्रिया गरेको छ । मंगलबार जिल्ला समन्वय समिति धनुषाको सभाकक्षमा सञ्जयकुमार सिंहको अध्यक्षतामा भएको अन्तरक्रियामा राष्ट्रिय राज्यको अवधारणाबारे छलफल गरिएको छ । कार्यक्रममा नेता बुद्ध छिरिङ मुक्तानले नेपालको आधा जनसंख्या मधेशवादबाट स्वदेशवाद यात्रा जाने बताएका थिए । उनले तीन करोड जनसंख्या भएको नेपालमा नेपाली जनता र विभिन्न जातजातिको आत्मसम्मान र पहिचानका लागि बहुल राष्ट्रिय राज्य स्थापनाका लागि अभियानकर्ताहरू दिनरात खटिरहेको बताए । मुक्तानले उदारवाद र माक्र्सवादले हाम्रो सभ्यता र संस्कृतिलाई मात्र नभई जीवन र विश्वलाई नै खतरामा पारेको बताए ।



राष्ट्रिय मुक्ति क्रान्तिका सक्रिय अभियन्ता केशव झाले खस शासक वर्गले मधेशी, आदिवासी र जनजातिलाई समान अधिकारबाट वञ्चित गरेको बताए । नेता झाले राष्ट्रिय मुक्ति क्रान्तिको माध्यमबाट मधेशी, आदिवासी र जनजातिले समान अधिकार पाउने र नेपालका नागरिक सरह सम्मानपूर्वक बाँच्न सक्ने बताए । कार्यक्रममा पूर्वमन्त्री रामनरेश राय, हिन्दी भाषाका अभियानी रमन पाण्डे, जिल्ला समन्वय समितिका पूर्व उपसभापति दीपेन्द्र झा, सञ्जयकुमार चौधरी, अनिल महासेठलगायतको उपस्थिति रहेको थियो ।

# दुई सय बढी उद्योगमा 'स्मार्ट इनर्जी मिटर' जडान

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र वीरगंजले पर्सा र बारा जिल्लाका दुई सय १२ उद्योगमा 'स्मार्ट इनर्जी मिटर' जडान गरेको छ । केन्द्रले पुरानो 'टिओडी' (टाइम अफ डे) मिटर प्रतिस्थापन गरी 'स्मार्ट मिटर' जडान गरिएको हो । केन्द्रले ११ किलो भोल्ट वा सोभन्दा बढी भोल्टेज 'सप्लाइ' लिएका 'एचटी मिटरिङ युनिट' जडित (ट्रान्सफर्मर) जडित क्षमता दुई सय केभीदेखि २५ हजार किलो भोल्ट एम्पेरेस क्षमताको विद्युत् उपभोग गर्ने उद्योगमा स्मार्ट मिटर जडान गरिएको हो । केन्द्रका अनुसार



उद्योगका ग्राहकको टिओडी मिटरलाई 'शून्य दशलमलव दुई एस एकुरेसी क्लास'को स्मार्ट इनर्जी मिटर प्रतिस्थापन गर्ने नीतिअनुसार नयाँ स्मार्ट मिटर निःशुल्क जडान गरेको हो । नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र वीरगञ्जका प्रमुख अवधेशकुमार दुवेले प्राधिकरणको केन्द्रीय कार्यक्रमअन्तर्गत नै पर्सा र बाराका दुई सय १२ उद्योगमा निःशुल्क स्मार्ट इनर्जी मिटर जडान गरेको बताए । प्राधिकरणले एउटा उद्योगमा ७२ हजार रकम पर्ने स्मार्ट इनर्जी मिटर जडान गरेको जनाएको छ । कार्यालयका अनुसार ती उद्योगमा सो मिटर जडान गर्न एक करोड ५२ लाख ६४ हजार रकम लागेको जनाएको छ । उद्योगीले महिनाको अन्त्य भएको दिनको मध्यरातमा नै बिल प्राप्त गर्न सक्नेछ । कार्यालय प्रमुख दुवेले मिटर जडान गरेसँगै मिटर रिडिङ गर्ने दुईजना जनशक्तिको भार पनि कम भएको बताए ।

# 'लू' बाट जोगाउन तयारीमा जुट्न परिपत्र

**मधेशदृष्टि**
**वीरगंज ।**
गृह मन्त्रालयले तातो हावाको लहर (लू) बाट नागरिकलाई जोगाउनका लागि आवश्यक तयारीमा जुट्न तराई–मधेशका जिल्ला प्रशासन तथा अन्य सम्बद्ध निकायमा परिपत्र गरेको छ । मन्त्रालयले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत सबै जिल्लामा परिपत्र गर्दै 'लू' बाट जोगाउने उपायका बारेमा सर्वसाधारणमा सचेतना फैलाउन निर्देशन दिएको हो । प्राधिकरणका नीति, योजना तथा अनुगमन महाशाखा प्रमुख सहसचिव भरतमणि पाण्डेका अनुसार गर्मी हुने जिल्लाहरूका लागि मंगलबार बेलुका परिपत्र पठाइसकेको जानकारी दिए । उनले 'लू' सम्बन्धी सन्देश उत्पादन र प्रसारणबारे तराई–मधेशका जिल्ला प्रशासन कार्यालयहरूलाई आवश्यक निर्देशन दिइएको बताए । परिपत्रमा सचेतनामूलक सामग्री उत्पादन गरी आफ्ना आधिकारिक वेबसाइट एवम् सामाजिक सञ्जालमार्फत प्रकाशन र प्रसारण गर्न, उपयुक्त सन्देशको उत्पादन र प्रसारणमा स्थानीय एफएम र टेलिभिजनसँग सहकार्य गर्न, रेडियो, टेलिभिजनको सामाजिक सञ्जाल वा अनलाइनमार्फत पनि प्रचारप्रसारमा जोड दिन भनिएको छ । सन्देश बनाउँदा स्थानीय भाषा, स्थानीय कलाकार, स्थानीय लवज, स्थानीय पहिरन तथा आधिकारिक निकायका व्यक्तिलाई प्रयोग गर्न पनि भनिएको छ ।

# गृहमन्त्री र महान्यायाधिवक्ताविरुद्धको मुद्दा दर्ता गर्न सर्वोच्चको आदेश






**मधेशदृष्टि**
**वीरगंज ।**
सर्वोच्च अदालतले उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने र महान्यायाधिवक्ता डा. दीनमणि पोखरेलविरुद्धको रिट दर्ता गर्न आदेश दिएको छ । न्यायाधीश टेकप्रसाद ढुंगानाको एकल इजलासले बुधबार सर्वोच्च प्रशासनलाई रिट दर्ता गर्न आदेश दिएको हो ।

अधिवक्ता अनुपम भट्टराईले मंगलबार दिएको रिटलाई सर्वोच्चको प्रशासनले दर्ता गर्न अस्वीकार गरेको थियो । उक्त आदेशपछि अब रिट दर्ता हुने भएको छ । रिटमा महान्यायाधिवक्ता कार्यालयबाट गृहमन्त्री लामिछानेको नाममा जारी भएको पत्रको वैधतामाथि प्रश्न उठाउँदै बदर गर्न माग गरिएको थियो । गृहमन्त्री लामिछानेले आफूविरुद्ध कुनै अनुसन्धान वा अभियोजन नभएको महान्यायाधिवक्ताको कार्यालयले जनाएको भन्दै एक पत्र सार्वजनिक गरेका थिए । रिटमा यस्ता पत्रहरू जारी नगर्नू भनी महान्यायाधिवक्ता कार्यालयको नाममा आदेश जारी गर्न अधिवक्ता भट्टराईले माग गरेका थिए । जिल्ला प्रहरी कार्यालय रूपन्देहीको अनुसन्धानले स्थानीय सुप्रिम सहकारीबाट रवि लामिछानेका नाममा व्यापार कर्जा निकालिएको पुष्टि गरेको थियो ।

प्रहरी प्रतिवेदनमा २०७७ चैत १८ गते सुप्रिम सहकारीबाट लामिछानेको नाममा दुई करोडको कर्जा उनी सञ्चालक रहेको गोर्खा मिडिया नेटवर्कमा लगेको उल्लेख थियो । तर जिल्ला सरकारी वकिलको कार्यालयले गृहमन्त्री लामिछानेलाई जोगाएर अरू आरोपीलाई मात्रै मुद्दा चलाएको थियो । सरकारी वकिल कार्यालयको उक्त निर्णयसम्बन्धी पत्र महान्यायाधिवक्ता कार्यालयले लामिछानेलाई दिँदै उनी सहकारी प्रकरणमा संलग्न नरहेको जनाएको थियो । त्यसपछि गत वैशाख १० गते लामिछानेले आफूविरूद्ध कुनै अभियोग लागे नलागेको जानकारी महान्यायाधिवक्ताको कार्यालयमा मागेका थिए । महान्यायाधिवक्ताको कार्यलायले उक्त निवेदनका आधारमा रविलाई सहकारी प्रकरणमा कुनै अभियोग नलागेको पत्र दिएको थियो । तल्ला निकायहरूमा अनुसन्धान भएको र हुनसक्ने विषयमा कुनै व्यक्तिले निवेदन दिएको भरमा छानबिन भएको छ वा छैन भनी पत्र जारी गर्दा त्यसको दुरुपयोग हुनसक्ने भन्दै उनले महान्यायाधिवक्ता कार्यालयबाट जारी भएको पत्र बदर हुनुपर्ने माग राखेका थिए । उनले आगामी दिनमा यस्ता पत्रहरू जारी नगर्नु भनी महान्यायाधिवक्ता कार्यालयको नाममा आदेश जारी गर्न माग गरेका थिए । गृहमन्त्री लामिछाने पदमा रहेकाले उनीमाथि सहकारी छानबिनमा कठिनाइ भइरहेको भन्दै छानबिन अघि बढ्नासाथ पदबाट हटाउन वा निलम्बनको अवस्थामा राख्नसमेत आदेशको माग गरेका थिए । सर्वोच्चको आदेशपछि आइतबार निवेदन दर्ता हुनेछ ।


## जनहितका लागि जारी सन्देश
## समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।

गर्मी मौसम सुरु भएसँगै आगलागीका घटना बढ्न सकछन् । हाम्रो आफ्नै लापरवाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन् । त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।

### आगलागी रोकथामका उपाय

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नोस् ।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि भान्सा छाडेर टाढा नजानुहोस् ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस् ।
- सिलिण्डरको पाइप, सिलिण्डर समय-समयमा जाँच गर्नुहोस्, कुनै खराबी वा टुटफुट पाउनु भएमा, तुरन्त मर्मत गराउन लगाउनुहोस् ।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस् ।
- ग्याँस सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लागने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस् ।
- घरमा भएका विद्युत उपकरण सही अवस्थामा छ/छैन नियमित जाँच गनुहोस्, नाङ्गो तार, टुटेफुटेका स्विच, एक्सटेन्सन कर्डलाई मर्मत् तथा परिवर्तन गर्नुहोस् ।
- एक्सटेन्सन कर्डमा धेरै विद्ुत खपन गर्ने (आइरन, हिटर, फ्रिज, माइक्रोवेभ ओभन, मोटर) तथा अन्य धेरै उपकरण जोडेर एकैचोटी प्रयोग गर्नुहोस् ।
- २ पिन स्विचको बदलामा सिंधै नाङ्गो तार सकेटमा पसाएर विद्युतीय सामग्री प्रयोग कहिल्यै नगर्नुहोस् ।
- प्रयोग नभएको अवस्थामा विद्युतीय सामग्रीहरु सकेटबाट निकालेर अलग राख्नुहोस् ।
- राति सुत्ने बेलामा वा घर छाडेर बाहिर जानुपर्दा सम्पूर्ण विद्युतीय उपकरणहरु बन्द गरेरमात्र जानुहोस् । (यसले तपाईलाई आगलागीबाट सुरक्षामात्र होइन बिजुलीको खपतमा कमी ल्याउन पनि सहयोग पुग्याउँछ ।
- हावा चलेको अवस्थामा खुला स्थानमा आगो नबाल्नुहोस्, बारी, बाटोमा बालिएको आगो पूर्णरुपमा निभेको निक्र्यौल गर्नुहोस् ।
- घरमा पेट्रोल, डिजेल, मट्टीतेलको भण्डारण नगर्नुहोस् । ( यस्ता सामग्रीमा केटाकेटीको पहुँच रोक्नुहोस् ।
- वन क्षेत्रमा डँढेलो लगाउने तथा चुरोट खाएर जथाभावी नफ्याक्नुहोस् ।




### आगलागी भइहालेमा के गर्ने ?

- कुनै आगलागीको घटना भएमा, तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रण सहयोगका लागि आग्रह गर्नुहोस् ।
- आगोको आकारमा विचार पुऱ्याउनुहोस्, आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुण यन्त्रलाई खबर गर्नुहोस् ।
- विद्युतबाट आगो लागेको शङ्का लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस् ।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहयाताले निभाउन प्रयास गर्नुहोस ।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरिदिनुहोस् । (यसले आगोलाई सहजरुपमा फैलन दिँदैन ।
- आगलागी भएको स्थानमा अग्नि नियन्त्रक बाहेक अरुलाई प्रवेश गर्ने दिनुहोस् ।
- आफ्नो ज्यान जोखिममा राखेर आगलागी भएको स्थानबाट सामान निकाल्ने प्रयास नगर्नुहोस् ।
- आगलागीबाट केही सामग्री जोगाउन सकिन्छ भने त्यसलाई निकालेर सुरक्षित स्थानमा राख्नुहोस् ।

व्यक्तिगत घर तथा कार्यालयहरुमा पनि सुरक्षाको लागि बजारमा सहज र सुपथ मूल्यमा उपलव्ध हुने फायर एक्स्टिनगुसर, फायर ब्ल्याङ्केट राख्न सकिन्छ जसले आगलागीको शुरुवाती समयमा नै आगालागीलाई नियन्त्रण गरी जन-धनको थप क्षति हुनबाट रोक्न सकिन्छ।

नगराईन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन